स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल

Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

नेपालका सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
कान्तिपुर

# दिल्लीमा लगानी सम्मेलनलक्षित 'पावर समिट'

### ऊर्जा क्षेत्रका भारतीय उद्यमीलाई नेपालमा लगानीको आग्रह




**कान्तिपुर संवाददाता** (नयाँदिल्ली)

नेपाल सरकारले गर्न लागेको तेस्रो लगानी सम्मेलन-२०२४ लाई लक्ष्य गरेर भारतस्थित नेपाली दूतावासले बुधबार नयाँदिल्लीमा ऊर्जा क्षेत्रका भारतीय लगानीकर्तालाई नेपालमा लगानीको अवसरबारे जानकारी दिएको छ। दूतावासले इन्डियन फेडरेसन अफ ग्रिन इनर्जीसँग सहकार्य गरेर नेपाल र भारतबीच ऊर्जा सहकार्यको वर्तमान स्थिति र सम्भावनामाथि छलफल चलाएको हो।

दिन प्रतिदिन बढ्दै गएको भारतको ऊर्जा आवश्यकता पूर्तिका लागि नेपालमा रहेको ऊर्जाको स्रोत उपयोगी देखिएको राजदूत शंकरप्रसाद शर्माले बताए। नेपाली उत्पादानका लागि भारतमा ठूलो बजार रहेको र दुई देशका सरकार र लगानीकर्ताबीच सहकार्यको प्रशस्त ठाउँ रहेको उनको भनाइ छ। लगानीकर्तालाई लगानीमैत्री वातावरण दिन नेपाल सरकार तयार रहेको र आवश्यकताअनुसारको ऐन, नियममा समेत गर्दै लगेको उनको भनाइ छ। नेपालले आगामी १० वर्षमा भारतीय बजारमा १० हजार मेगावाट बिजुली बेच्न पाउने सम्झौताले पनि लगानीकर्ताहरूलाई बजारको सुनिश्चितता बढाएको उनले बताए। बंगलादेशसँग पनि बिजुली बजारको ढोका खुलेकाले लगानीकर्ताका लागि अवसर रहेको उनको भनाइ छ।

आगामी वैशाख १६ र १७ मा काठमाडौंमा हुन लागेको लगानी सम्मेलनबारे जानकारी दिन उद्यमीहरूसँग अन्तर्क्रिया गरिएको राजदूत शर्माले बताए। नेपालमा लगानीकर्ताहरूको आकर्षण बढाउन तथा नेपाल र भारतका लगानीकर्ताबीच नेटवर्क विस्तारका लागि कार्यक्रम उपयोगी भएको उनले उल्लेख गरेका छन्। नेपालमा लगानीको कस्तो सम्भावना छ, कस्तो नीति छ, त्यसबारे बताउन र भारतीय उद्यमीहरूको जिज्ञासा मेटाउन अन्तर्क्रियाले लाभ मिलेको उनको भनाइ छ। भारतको निजी क्षेत्र नेपालमा लगानी बढाउन चाहिरहेको आफूले पाएको उनले जनाए। नेपालले लिएको लगानीमैत्री नीति र भारतले नेपालसँग ऊर्जा व्यापारमा गरेको सहजीकरणले नेपालले राम्रो अवसर पाएको आफूले अनुभव गरेको उनले बताए।

कार्यक्रममा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का पदाधिकारीहरूले भारतीय लगानीकर्तालाई नेपाली निजी क्षेत्रसँगको सहकार्यमा लगानी गर्नसमेत आग्रह गरे। कार्यक्रममा ऊर्जा क्षेत्रमा संलग्न नेपाली र भारतीय उद्यमीहरूको सहभागिता थियो। नेपालले सन् २०३५ सम्म २८ हजार ५ सय मेगावाट बिजुली उत्पादनको लक्ष्य लिएको छ। त्यसका लागि ४६ खर्ब रुपैयाँ आवश्यक रहेको अनुमान छ। उक्त लगानी नेपालभित्रबाट मात्रै सम्भव नभएकाले विदेशी लगानीकर्तालाई लगानीका लागि आह्वान गरिएको इप्पानका अध्यक्ष गणेश कार्कीले जनाए।

दिल्लीको ह्याबिटेट सेन्टरमा गरिएको 'पावर समिट' मा भारतको ऊर्जा मन्त्रालयका अतिरिक्त सचिव श्रीकान्त नागुलापल्लीले दुई देशबीच ऊर्जा सहकार्य बढ्दै गएको बताए। भारतमा ठूलो औद्योगिक घराना अडानी समूहका उपाध्यक्ष जयरमण पुनीधानले नेपालमा सम्भावित लगानीको अवसरबारे आफूहरूले अध्ययन गरिरहेको जनाए। कार्यक्रममा उत्तर भारत हाइड्रोपावर र अन्य विभिन्न भारतीय कम्पनीका पदाधिकारीले पनि नेपालको ऊर्जा क्षेत्रमा आफ्नो रुचि देखाएका छन्। भारतीय उद्यमीहरूले दुई देशबीच थप प्रसारण लाइन बन्नुपर्नेमा पनि जोड दिए।

लगानी सम्मेलनलाई लक्ष्य गरेर दूतावासले यसअघि गुजरात, लखनउ र दिल्लीमा पनि फरक-फरक समूहसँग अन्तर्क्रिया गरेको थियो। अहिलेसम्म चार कार्यक्रम गरिसकेको राजदूत शर्माको भनाइ छ। 'ठुल्ठूलै ग्रुप डाकेर भाइब्रेन्ट गुजरातको एउटा सेसनमा छुट्टै नेपालको लगानी सम्मेलनबारे छलफल गरेका थियौं, इन्डियन चेम्बर अफ कमर्स, द एसोसिएटेड चेम्बर्स अफ कमर्स एन्ड इन्डस्ट्री तथा पर्यटनसँग सम्बन्धित व्यसायीहरूसँगै अलग्गै कार्यक्रम गरेका छौं,' शर्माले भने, 'छलफलमा उद्यमी र उद्यमीका संगठनहरूले लगानी सम्मेलनमा सहभागी हुने इच्छा जनाउनुभएको छ। संगठनहरूले आफ्नो संगठनमा नेपालको लगानी सम्मेलनबारे सदस्यहरूलाई जानकारी दिन सूचना पनि निकालेका छन्। आशा छ, यताबाट राम्रै सहभागिता हुनेछ।'

हाम्रो गौरव, राष्ट्रको पत्रिका
गोरखापत्र
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत्।

# प्राधिकरणले आठ सय मेगावाट सौर्य विद्युत् खरिद गर्ने

- बढीमा १५० मेगावाट आयोजना एक प्रवर्धकले आपूर्ति गर्ने गरी बुधबार बोलपत्र आह्वान
- १० मेगावाटभन्दा साना आयोजनाले १८ महिनाभित्र र त्यसभन्दा ठुला आयोजनाले दुई महिनाभित्र विद्युत् उपलब्ध गराउनुपर्ने

**गोपालचन्द्र सुवेदी**
*काठमाडौँ, चैत २१ गते*

नेपाल विद्युत् प्राधिकरणले आगामी दुई वर्षभित्र थप आठ सय मेगावाट विद्युत् सौर्य आयोजनाबाट खरिद गर्ने भएको छ। त्यसका लागि प्राधिकरणले बोलपत्र आह्वानसमेत गरिसकेको छ। बढीमा १५० मेगावाट आयोजना एक प्रवर्धकले आपूर्ति गर्ने गरी बुधबार बोलपत्र आह्वान गरिएको प्राधिकरणले जनाएको छ।

२५ वर्ष अवधिका लागि विद्युत् खरिद बिक्री सम्झौता गर्ने गरी आह्वान गरिएको बोलपत्र अनुसार १० मेगावाटभन्दा साना आयोजनाले १८ महिनाभित्र र त्यसभन्दा ठुला आयोजनाले दुई महिनाभित्र विद्युत् उपलब्ध गराउनुपर्ने हुन्छ। प्रतिस्पर्धी दरमा प्रस्ताव पेस गर्न आह्वान गरिएको हो। प्राधिकरणले प्रतियुनिट पाँच रुपियाँ ९४ पैसा अधिकतम दर निर्धारण गरेको छ। सो दरभन्दा कममा प्रस्ताव गर्ने आयोजनाले उपयुक्तताका आधारमा पिपिए गर्न पाउने विद्युत् व्यापार विभागका प्रमुख राजन ढकालले जानकारी दिनुभयो।

"हामीले लोड सेन्टर र सबस्टेसनको उपलब्धताका आधारमा तथा न्यून दर प्रस्ताव गर्ने प्रवर्धकको प्रस्ताव स्वीकार गर्ने हो," उहाँले भन्नुभयो, "२५ वर्षसम्म टेक अपर पेकै आधारमा पिपिए गरिने भएकाले प्रतिस्पर्धी दरमै प्रस्ताव आउने अपेक्षा छ।" प्राधिकरणले गत वर्ष एक सय मेगावाट सौर्य आयोजनाको पिपिएका लागि यस्तै प्रस्ताव आह्वान गर्दा न्यूनतम पाँच रुपियाँ ८६ पैसासम्ममा पिपिए प्रस्ताव आएको थियो।

प्राधिकरणले तराईका लोड सेन्टरमा बढ्दो विद्युत्को माग र विद्युत् आपूर्ति सन्तुलन कायम गर्ने गरी यो प्रस्ताव आह्वान गरेको हो। मौसमी प्रतिकूलताका कारण सुक्खायाममा जल प्रवाही आयोजनाको विद्युत् उत्पादन १० प्रतिशतसम्म झर्न थालेपछि प्राधिकरणलाई लोड व्यवस्थापनमा सकस पर्दै आएको छ। त्यसबाहेक तराईका औद्योगिक कोरिडोरमा पर्याप्त विद्युत् आपूर्ति गर्न प्रसारण लाइनको सीमितताले समस्या परिरहेको छ।

यही अवस्थामा सहजता ल्याउन दुई वर्षभित्र थप आठ सय मेगावाट सौर्य ऊर्जा जडान गर्न चाहेको हो। "सुक्खायामको बढ्दो ऊर्जा असन्तुलनलाई उपयुक्त व्यवस्थापन गर्ने रणनीति अनुसार यी आयोजना निर्माणको अपेक्षा गरिएको हो," ढकालले भन्नुभयो, "वर्षायाममा निर्यातका लागि र हिउँदमा दिनको समयमा अर्धजलाशयमा पानी सङ्कलन बढाएर पिक डिमान्ड व्यवस्थापन गर्ने प्राधिकरणको उद्देश्य छ।" लोड सेन्टर नजिकै सौय ऊर्जा आयोजना निर्माण हुँदा प्राधिकरणलाई प्रसारण प्रणालीमा दबाब कम पर्ने, चुहावट पनि कम हुने भएकाले विराटनगर, वीरगन्ज, पर्सा बुटवल भैरहवा, नेपालगन्ज, महेन्द्रनगरलगायतका क्षेत्रमा सौर्य ऊर्जाका आयोजना बन्ने अपेक्षा प्राधिकरणको छ। यस अनुसार करिब ९० ग्रिड तथा वितरण सबस्टेसनमा विद्युत् आपूर्ति गर्ने गरी सौर्य विद्युत् आयोजना बन्ने छन्।

विद्युत् आपूर्ति व्यवस्थापनलाई किफायती बनाउन पनि सौर्य ऊर्जा आयोजनाका लागि विद्युत् खरिद बिक्री सम्झौता गर्न प्रस्ताव आह्वान गरिएको हो।

नेपालमा अहिले २३० मेगावाट क्षमताका विभिन्न सौर्य आयोजनाको विद्युत् खरिद सम्झौता भइसकेको छ। यीमध्ये ११० मेगावाटका आयोजनाबाट विद्युत् आपूर्ति सुरु भइसकेको छ। १२० मेगावाटका आयोजना निर्माणाधीन छन्। प्राधिकरणले देवीघाट जलविद्युत् आयोजना परिसरमा २५ मेगावाट क्षमताको सौर्य आयोजना निर्माण गरी सञ्चालनमा समेत ल्याइसकेको छ।

नागरिक आर्थिक

# कावेली-३ को एचआरटी टनेल पनि बन्यो

**खगेन्द्र अधिकारी**

*ताप्लेजुङ, चैत २१*

ताप्लेजुङको सिरिजंगा गाउँपालिकामा निर्माणाधीन जलविद्युत् आयोजनाका सुरुङमार्गहरूमा एकपछि अर्को 'छिचोलिन' थालेको छ। २१.९३ मेगावाट क्षमताको कावेली-३ जलविद्युत् आयोजनाको एचआरटी टनेलको 'ब्रेक थ्रु' भएको हो।




आयोजनाका जनसम्पर्क अधिकृत मेघनाथ ढुंगानाका अनुसार झन्डै एक हजार ८७५ मिटर लामो सुरुङमार्ग गत जेठ ११ गतेबाट निर्माण कार्य सुरु गरी चैत १८ गते साँझ 'ब्रेक थ्रु' भएको छ। यससँगै ७० प्रतिशत निर्माण कार्य पूरा भएको आयोजनाले जनाएको छ।

कावेली हाइड्रोपावर कम्पनी लिमिटेड प्रवर्द्धक रहेको कावेली-३ जलविद्युत् आयोजना सिरिजंगा गाउँपालिका ५, पेदाङ ६ मामाङ्खे र वडा नं ७ खेवाङ भई बग्ने कावेली खोलाको पानी प्रयोग गरी बनाइँदै गरेका जलविद्युत् परियोजना हो। केही दिनअघि मात्र १२ मेगावाट क्षमताको सुपर कावेली खोला ए क्यासकेट जलविद्युत् परियोजनाकाको एचआरटी टनेलको 'ब्रेक थ्रु' भएको थियो।

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
www.rajdhanidaily.com

# नेपालको ऊर्जा क्षेत्रमा लगानी भित्र्याउन इप्पान अध्यक्ष कार्कीको आग्रह

**राजधानी समाचारदाता**
काठमाडौं




स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले नेपालको ऊर्जा क्षेत्रमा भारतीय कम्पनीहरूलाई लगानी र व्यापारका लागि सबैभन्दा ठूलो अवसर आएको बताएका छन्।

नेपाली राजदूतावास भारतले बुधबार नयाँ दिल्लीमा आयोजना गरेको 'दि पावर समिट २०२४' लाई सम्बोधन गर्दै इप्पानका अध्यक्ष कार्कीले यस्तो आग्रह गरेका हुन्।

उनले धेरै ऊर्जाका आयोजनाहरू अघि बढेकोले भारतीय लगानीकर्ता र व्यवसायीका लागि अहिले सबैभन्दा ठूलो अवसर आएको बताए। 'नेपालमा सन २०३५ सम्ममा २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादनको लक्ष्यसहितको मार्गचित्र तयार भइसकेको छ, यसले भारतीय लगानीकर्ताई लगानीको लागि ठूलो अवसर निर्माण भएको छ, ऊर्जामा उपयोग हुने अधिकांश प्रविधिदेखि मेशिन र उपकरणहरू समेत भारतबाटै आउने हुनाले व्यापार र व्यवसायका लागि पनि ठूलो अवसर सिर्जना हुँदैछ' उनले भने।

नेपालले उत्पादन गर्ने सो परिमाणबो विद्युत मध्ये १५ हजार मेगावाट भारत र बंगलादेशमा निर्यात गर्ने उद्देश्य राखेको र भर्खरै मात्र नेपाल र भारतबीच १० हजार मेगावाट विद्युत् खरिद् बिक्रीको दीर्घकालीन विद्युत् व्यापार सम्झौता भएकाले भारतीय लगानीकर्ताले आँखा चिम्लेर नेपालमा लगानी गर्दा पनि फरक नपर्ने कार्कीको भनाई थियो।

उनका अनुसार नेपालमा अहिले करीब ३ हजार मेगावाट विद्युत उत्पादन हुँदा २ हजार ३०० मेगावाट निजी क्षेत्रबाट मात्रै उत्पादन भइरहेको, ३ हजार ३०० मेगावाट निर्माणाधीन, ३ हजार ६०० मेगावाटका आयोजना वित्तीय व्यवस्थापनको पर्खाइमा र १० हजार मेगावाटका आयोजना पीपीएको पर्खाइमा रहेका छन्।

सबै गरेर ३० हजार मेगावाटका विद्युत् आयोजनाहरू विभिन्न चरणमा रहेको र तत्कालै लगानी गरेर विकास गर्न सकिने रेडि टु गो आयोजनाको संख्या समेत धेरै रहेकोले भारतीय लगानीकर्तालाई ढुक्क भएर नेपालमा लगानी गर्न उनले आग्रह गरे।

उनले ऊर्जा उत्पादकको छाता संस्थाको हैसियतले इप्पानले नेपाल आउने जोसुकै लगानीकर्तालाई पनि सहजीकरण र सहयोग गर्ने पनि बताए। अहिले नेपाल र भारतबीच अन्तरदेशीय विद्युत् व्यापार सम्झौताअन्तर्गत १ हजार मेगावाटसम्म विद्युत् आदानप्रदान भइरहेको स्मरण गराउँदै इप्पान अध्यक्ष कार्कीले निजी क्षेत्र पनि भारतीय निजी क्षेत्रसँग मिलेर ऊर्जा विकासमा सहकार्य गर्नका साथै विद्युत व्यापारमा पनि सहभागिताका लागि अघि बढेको बताए।

उनले भारतसँगको विद्युत आदानप्रदानका लागि नेपालमा ५ वटा कम्पनी स्थापना भइसकेको र अनुमतिपत्र कुरिरहेको पनि बताए।

इप्पान अध्यक्ष कार्कीले आगामी १२, १३ र १४ वैशाखमा इप्पानले हिमालयन हाइड्रो एक्स्पोको आयोजना गर्न लागेको जानकारी दिँदै यसमा सहभागी हुन लगानीकर्ता, उत्पादनकर्ता, आपूर्तिकर्ता लगायतलाई आग्रह गरे।

भारतका लागि नेपालका राजदूत डा. शंकर शर्माले नेपालमा ऊर्जामा लगानी गर्नका लागि उपयुक्त वातावरण रहेको बताउँदै ढुक्क भएर लगानी गर्न आग्रह गरे। 'अहिले नेपालमा ऊर्जामा लगानी गर्न उपयुक्त वातावरण बनेको छ, लगानी सम्मेलनलाई लक्षित विभिन्न कानुनसमेत शंसोधन हुन लागेका छन्, अझ सहज वातावरण बन्दै छ।' उनले भने, 'नेपालमा धेरै लगानीयोग्य आयोजना छन्, ढुक्क भएर लगानी गर्दा हुन्छ।'

**अत्यन्त जरुरी सूचना**

अधिकृत वारेसनामा दिने यसोधा महत के.सी. (ना.प्र.नं. ३०१९१ जारी मिति २०६०/०४/१२ जि.प्र.का. दोलखा) ले श्री काठमाण्डौं जिल्ला अदालतमा सुरेन्द्र खत्री क.सी.समेत उपर अंश हक, मासिक खर्च, लिलाम बदर दा.खा. निर्णय बदर र मेरा उपरको अंश चलत मुद्दा लगायत भविष्यमा समेत फिराद, प्रतिउत्तर दायर गरी मुद्दाको पुर्पक्ष समेतको कार्य गर्न अधिकृत वारेसनामा लिने समर्पण कार्की (ना.प्र.नं. २२-०१-७८-०१४९३ जारी मिति २०७८/०६/२५ जि.प्र.का.दोलखा) भएको अधिकृत वारेसनामा श्री काठमाण्डौं जिल्ला अदालतबाट मिति २०७१/०८/२९ गते प्रमाणित गराई अधिकृत वारिस नियुक्त गरिएकोमा उक्त अधिकृत वारिसनामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५१(१)(ग) बमोजिम आजैको मितिबाट बदर हुने गरी सूचना प्रकाशित गरीएको छ।

निवेदिका : यसोधा महत के.सी.